| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा । | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो । |
| २ | अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | यसै साथ संलग्न सूची बमोजिमका सम्पन्न आयोजनाहरुको नगर/वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल भई उक्त अनुगमन प्रतिवेदनहरु अनुमोदन गरियो । साथै, आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | स्रोत सुनिश्चितता सम्बन्धमा । | १. वडा नं. २ स्थित चण्डेश्वरी दापा:खलः भवन निर्माणको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. १५ लाख विनियोजन गरी उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. २ स्थित कपिण्डोल सडक स्तरोन्नतीको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. १५ लख विनियोजन गरी उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>३. वडा नं. १० स्थित राधा स्वामी सत्सङ व्यास सँगैको बाटो विस्तार शिर्षकको आयोजना स्वीकृत भई रकम रु. ३५ लाख विनियोजन भएकोमा उक्त कार्यको लागत अनुमान तयार गर्दा नगरपालिकाले व्यहोर्नु पर्ने रु. ४ लाख नपुग हुन आएकोले उक्त नपुग हुने रकम रु. ४ लाख आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४. वडा नं.८ स्थित तारा बस्नेतको घर अगाडिको सडकमा पहिरो रोकथामको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. ५ लाख विनियोजन गरी उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>५. वडा नं. ३ स्थित कुहिरेको कम्पाउण्ड तल्लो ढलमल हुदै गोंगबुं साङ्गला जोड्ने सडक तथा शाखा सडक स्तरोन्नतीको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. २० लाख बराबरको आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>६. वडा नं. १ स्थित केशवको घरदेखि सुर्य तामाङ्गको घर मोटरबाटो स्तरोन्नती शिर्षकमा रकम विनियोजन भई कार्य संचालन भई रहेकोमा उक्त स्थानमा थप कार्य गर्नको लागि नपुग रकम रु. ३ लाखको स्रोत आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी थप निर्माण कार्यको लागि साविकमा सम्झौता भएको समितिलाई थप कार्यदेश दिई कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>७. वडा नं. १ स्थित जहानियाँगाउँ भित्री सडक स्तरोन्नतीको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी लागत अनुमान बमोजिमको रकम रु. |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ७ लाख बराबरको आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>८. वडा नं. ६ स्थित विन्धबासिनी मन्दिर एरियामा सडक मर्मत, हरियाली वस्तीमा मंगाल मर्मत, डाँफेवस्तीमा सडक मर्मत एवं डाँफेवस्तीको क्रियापुत्री भवनमा बार लगाउने मर्मतका आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी लागत अनुमान बमोजिमको रकम रु. ४ लाख ५५ हजार बराबरको आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>९. वडा नं. ६ टोखा सडक विगमार्टबाट भित्री सडकमा ग्राभेल राख्ने कार्यको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी लागत अनुमान बमोजिमको रकम रु. ३ लाख १५ हजार बराबरको ग्राभेल राख्ने कार्य कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>१०. वडा नं. १ स्थित मुल सडक देखि मगर टोल जाने मोटर बाटोमा पहिरो तथा भेल नियन्त्रणको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी लागत अनुमान बमोजिमको रकम रु. ६ लाख बराबरको आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| ४ | Material Recovery Facility (MRF) निर्माण गर्न जग्गा व्यवस्थापन सम्बन्धमा । | शहरी विकास तथा भवन निर्माण विभागको मिति २०८२/१२/१६,च.नं. ५३९ को पत्रानुसार यस नगरपालिकाको फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनको लागि Material Recovery Facility (MRF) पूर्वाधार निर्माण गर्न आवश्यक पर्ने जग्गा नेपाल सरकारबाट अधिग्रहण गरी उपलव्ध गराउने प्रयोजनको लागि जग्गा पहिचान गरी विवरण उपलव्ध गराउन अनुरोध भई आएकोमा टोखा नगरपालिका वडा नं. ३ स्थित संजोलडोल साविक सरस्वती गा.वि.स.वडा नं. ८ सिट नं. १०२०८६५१३ कि.नं. ३ क्षे.फ.२३८४४.४० ब.मि. को जग्गा मध्येबाट आवश्यक जग्गा उपलव्ध गराउन अनुरोध गर्ने । |
| ५ | विभिन्न कार्यविधि स्वीकृत/ निर्माण एवं संशोधन सम्बन्धमा | १. मेयर दिर्घायू कार्यक्रम कार्यान्वय कार्यविधि,२०७८ खारेज गरी यसै साथ संलग्न मेयर दिर्घायू कार्यक्रम कार्यान्वय कार्यविधि,२०८२ स्वीकृत गर्ने । |
| ६ | सिसिटिभी जडानको लागि नेपाल प्रहरीसँग सहकार्य गर्ने सम्बन्धमा । | १७ औं नगरसभाको आयोजना/कार्यक्रम सि.नं. ३२९ मा जनता सुरक्षा कार्यक्रम अन्तरगत सिसिटिभी जडानको आयोजना स्वीकृत भई रकम रु ५० लाख विनियोजन भएकोमा उक्त कार्यक्रम अन्तर्गत टोखा नगरपालिकाको मुख्य मुख्य सडक/ चोकहरुमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, रानीपोखरीसँगको सहकार्यमा सिसिटिभि जडानको कार्य अगाडि बढाउने । |
| ७ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा। | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशिलका निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा | कै. |
|---|---|---|---|

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th>नं.</th><th></th></tr>
<tr><td>१.</td><td>श्री देव कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>२.</td><td>स्पर्श बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-५</td><td></td></tr>
<tr><td>३.</td><td>गणेश हिमाल निर्माण सेवा प्रा.लि.</td><td>टोखा-८</td><td></td></tr>
<tr><td>४</td><td>कम्पिटेन्सी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>५</td><td>आइडिया बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>६</td><td>सस्टेनेबल डिजाइन एण्ड बिल्ड को प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>७</td><td>भैरव देव कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>८</td><td>बिश्वकर्मा मल्टिप्रपोज कम्पनि प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>९</td><td>एम.बि.मोर्डन म्युस कन्स्ट्रक्सन कम्पनि प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>१०</td><td>नमो भगवते ग्रुप अफ कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
<tr><td>११</td><td>सिभिल कन्स्ट्रक्सन सेवा</td><td>टोखा-३</td><td></td></tr>
<tr><td>१२</td><td>जि.बि.एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा-४</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>८</td><td>निर्माण कार्यको अनुदान निकासा हस्तान्तरण सम्बन्धमा ।</td><td>टोखा नगरपालिका ८ नं. वडा कार्यालयको मिति २०८२-१२-१८,च.नं. २८३३ को पत्रानुसार भूवनेश्वरी टोलमा खानेपानी सेवा सुधार/ पाईपलाईन विस्तार गरी खानेपानी संचालन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.मा पत्राचार भएकोमा उक्त कार्यालयबाट प्राप्त हुने लागत अनुमान अनुसारको रकम नगरसभाको १७ औं अधिवेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रकम विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।</td></tr>
<tr><td>९</td><td>लागत सहभागिताको आयोजना स्वीकृत सम्बन्धमा ।</td><td>१. वडा नं. ३ स्थित सत्यसाई टोल अन्तर्गत चरमार्गमा ह्युमपाईप जडानको लागत सहभागितामा गर्ने कार्यको आयोजना स्वीकृत गरी स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. ३ लाख ३० हजार (नगरपालिकाले व्यहोर्नु पर्ने रकम) विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. ६ स्थित ग्राण्डी फुटसल नजिक रहेको बाटो ढलान गर्ने कार्यको आयोजना स्वीकृत गरी स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. ३ लाख ९६ हजार (नगरपालिकाले व्यहोर्न पर्ने रकम) विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १० | उपभोक्ता समिति दर्ता सम्बन्धमा | १. टोखा नगरपालिका वडा नं. ५ स्थित श्रीटोल सिताराम मार्ग माउन्ट ग्लोरी स्कुल नजिकै टोल उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने।<br>२. टोखा नगरपालिका वडा नं. ५ स्थित कल्की नारायण खानेपानी उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । |
| ११ | रकम भुक्तानी सम्बन्धमा । | १. टोखा नगरपालिका, नगरसभाको १६ औं अधिवेशनवाट स्वीकृत वडा नं. ८ स्थित वडा कार्यालय पश्चिम पट्टीको तल्लोभागमा रिटेनिङ्गवाल निर्माण सम्बन्धी आयोजना कार्यान्वयनको लागि हिमालय टोल विकास संस्थासँग मिति २०८२/०२/०५ मा सम्झौता भएकोमा उक्त कार्य सम्पन्न भएकोले सम्पादन भएको कार्यको प्राविधिक मूल्यांकन बमोजिमको रकम १७ औं नगरसभाको सि.नं. १००३ मा क्रमागत रहेको रकम मध्येबाट सम्बन्धित टोल विकास सँस्थालाई भुक्तानी उपलव्ध गराउने । |
| १२ | आयोजना /कार्यक्रम स्वीकृत गरी रकम विनियोजन गर्ने सम्बन्धमा । | १. वडा नं. २ स्थित महिला, युवा तथा बालबालिकाहरुलाई साईबर सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख ५० हजार विनियोजन गरी तालिम कार्यक्रम संचालन गर्ने<br>२. वडा नं. ३ मा एड्भान्स बाद्यवादन तालिम संचालनको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गरी तालिम कार्यक्रम संचालन गर्ने ।<br>३. १७ औं नगरसभाको सि.नं. १०८६ मा विनियोजित कार्यक्रमलाई कपडाको झोला बनाउने तालिम कार्यक्रममा रुपान्तरण गरी आगामी नगरसभाबाट अनुमोदन हुने गरी कार्यान्वयन गर्ने ।<br>४. MSS पछि पहिचान भएको सामाग्री खरिद तथा वितरणको कार्यक्रम स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख ५० हजार विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>५. वडा नं. ११ मा एसईई दिएर बसेका बालबालिकाहरुलाई उद्धोषण तथा नेतृत्व क्षमता विकास तालिम संचालको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ४३ हजार विनियोजन गर्ने ।<br>६. वडा नं. ९ स्थित गोगंवुँ भैरब प्राण प्रतिष्ठा तथा शान्ति पुजाआजा संचालनको लागि लाग्ने खर्च मध्ये सहयोग स्वरुप रु. ३५ हजार १७ औं नगरसभाको सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>७. टोखा नगरपालिका क्षेत्र भित्र मरेका पशु/जीवहरुको व्यवस्थापनको लागि रु. १ लाख ५० हजार १७/१८ नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट थप विनियोजन गर्ने। |
| १३ | सूचना प्रविधि सम्बन्धी । | १.टोखा नगरपालिकाले सम्पादन गरेका विविध क्रियाकलापहरुको फोटो, भिडियो निर्माण एंव प्रशारणको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने । |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १४ | रकमान्तर सम्बन्धमा । | १. तपशिल बमोजिम नगरसभाको १७/१८ औं अधिवेशनबाट विभिन्न खर्च उपशिर्षक/क्रियाकलापमा विनियोजन भई वचत भएको रकम मध्येबाट रकम नपुग भएको बजेट उपशिर्षक/क्रियाकलापमा रकमान्तर गरी सम्बन्धित खर्च उपशिर्षक/ क्रियाकलापमा हुने खर्च भुक्तानी गर्ने । |

| क्र.स | क्रियाकलाप (१७/१८ औं नगरसभाको सि.नं.) | खर्च संकेत नं. | रकमान्तर हुने रकम (रु. हजारमा) | रकमान्तर हुने क्रियाकलाप र सि.नं. | विनियोजन हुने रकम |
|---|---|---|---|---|---|
| १ | स्थलगत घुम्ति तालिम (१७ औं को ४७) | | २५० | ५० प्रतिशत लागत साझेदारीमा कम्पोष्टमल वितरण थप कार्यक्रम (१८ औं को ७) | १०० |
| | | | | फलफुल प्रवर्द्धन कार्यक्रम (१७ औंको ४८) | १५० |
| २ | नेपाल घुमौं नेपाल चिनौं अभियानको लागि भ्रमण खर्च ( पर्यटन काज) (२९७) | | १००० | सेवा तथा परामर्श (२२४११ ) | १००० |
| ३ | वाद्यवादन, सांस्कृतिक एवं फर्निचर फर्निसिङ्ग सामाग्री खरिद (६१) | | २००० | विभिन्न आयोजनाहरु को लागि विस्तृत परियोजना प्रस्ताव निर्माण (३३५) | १३०० |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | संस्कृति संरक्षण तथा प्रवर्धन कोष (३२३) ७०० |
| १५ | अनुदान निकासा हस्तान्तरण । | गंगाजमुना गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको मिति २०८२-१२-१६,च.नं. ११९८ को पत्रानुसार उक्त पालिका अन्तर्गत गंगाजमुनामाई परिसरमा गंगाजमुना मन्दिर, कुकुरधारा, गोरेटोबाटो तथा भौतिक पूर्वाधार निर्माणको लागि अनुदान माग भई आएकोमा उल्लेखित कार्यको लागि सम्बन्धित गाउँपालिकालाई अनुदान उपलव्ध गराउने गरी १७/१८ औं नगरसभाको सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट रु. १०,००,०००/- विनियोजन गरी सम्बन्धित कार्यालयबाट पेश हुने लागत अनुमान बमोजिमको रकम "टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७६" बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरु पेश गर्ने गरी गंगाजमुना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, फूलखर्क, धादिङको नाममा अनुदान निकासा उपलब्ध गराउने । |
| १६ | राहत सहायता सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ११ स्थित राकेश श्रेष्ठको घरमा मिति २०८२/११/१२ गते अन्दाजी २२:३० बजेको समयमा आगलागी भई घर तथा सो घरमा झारफुक केन्द्र संचालन गरी बस्ने हर्क बहादुर सुनारको बीर हनुमान महाकाली झारफुक केन्द्रमा क्षति भएकोले राहत स्वरुप रु २० हजार १७ औं नगरसभाको सि.नं. ३१६ ( विपद् व्यवस्थापन कोष (चालु)) मा विनियोजित रकम मध्येबाट राहत सहायता उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| १७ | सपनतिर्थ- बिष्का जात्रामा सार्वजनिक शौचालय व्यवस्थापन सम्बन्धमा । | सपनतिर्थ- विष्का जात्राको अवसरमा २०८३ वैशाख १ देखि ४ गते सम्म संचालन हुने सपनतिर्थ मेला तथा टोखा बिष्का जात्रामा तिर्थालु तथा भक्तजनको भिड हुने भएकोले सो अवसरमा ३ वटा घुम्ति शौचालय व्यवस्थापन लायन्स क्लव अफ टोखा काठमाडौं मार्फत गर्ने, सोको लागि सम्बन्धित संस्थाले पेश गरेको दररेट बमोजिम हुन आउने कुल रकम रु. १८००००/- खर्च शिर्षक नं. २२४१४ मा विनियोजित रकम मध्येबाट सम्वन्धित संस्थालाई भुक्तानी उपलव्ध गराउने । |
| १८ | औषधि उपचार सहयोग सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ७ बस्ने सविन श्रेष्ठ स्वास्थ्यमा समस्या भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. ४० हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| १९ | सहयोग सम्बन्धमा । | रैथाने एग्री प्रडक्टस् नेपालद्वारा संचालित रैथाने कृषि हाटबजार संचालन सहयोगका लागि हाटबजारमा प्रदर्शनका सामानहरु राख्ने टेवुल थान १० खरिद गरि उपलव्ध गराउने । |
| २० | शिक्षा युवा तथा खेलकूद शाखा | १. छात्रबृत्ति सफ्टवेयर निर्माण,म्याचिङ्ग प्रणाली व्यवस्थापन,OMR सिट छपाई, OMR भाडा लगायतका कार्य गर्न रु. ५ लाख विनियोजन गर्ने । |

CamScanner

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>२. परीक्षा संचालन तथा व्यवस्थापन खर्च रु. ३ लाख विनियोजन गर्ने ।<br>३. कार्यविधि निर्माणको परामर्शको लागि रु. १ लाख विनियोजन गर्ने ।</td></tr>
<tr><td>२१</td><td>कानुन मस्यौदा समिति गठन सम्बन्धमा ।</td><td>टोखा नगरपालिकालाई आवश्यक पर्ने विभिन्न कानुन निर्माणको मस्यौदा तयारीको लागि तपशिल बमोजिमको समिति गठन गर्ने ।<br><u>तपशिल</u>
<table>
<tr><th>सि.नं.</th><th>नाम थर</th><th></th></tr>
<tr><td>१</td><td>श्री कमल भट्टराई, प्र.प्र.अ.</td><td>संयोजक</td></tr>
<tr><td>२</td><td>श्री सीताराम कोईराला, प्र.शि.अ.</td><td>सदस्य</td></tr>
<tr><td>३</td><td>श्री बिषय विज्ञ</td><td>सदस्य</td></tr>
<tr><td>४</td><td>श्री सम्बन्धित शाखा प्रमुख</td><td>सदस्य</td></tr>
<tr><td>५</td><td>श्री अनिल प्रसाद जोशी, ब.शा.अ.</td><td>सदस्य सचिव</td></tr>
</table></td></tr>
<tr><td>२२</td><td>आवेदन शुल्क सम्बन्धमा ।</td><td>आर्थिक ऐन, २०८२ ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनमा उल्लेख नभएको कर्मचारी पदपूर्तिको विज्ञापन दस्तुर कविराज र ल्याव टेक्निसियनको लागि क्रमशः प्रति व्यक्ति प्रति आवेदन कविराज(पाँचौं तह) रु. ७,००/ र ल्याव टेक्निसियन(पाँचौं तह) रु. ७००/- तोक्ने ।</td></tr>
<tr><td>२३</td><td>चिया खाजा सहयोग उपलव्ध गराउने ।</td><td>१७ औं नगरसभाको सि.नं. २३३ मा विनियोजित रकम मध्येबाट भुक्तानी हुने गरी टोखा ज्येष्ठ नागरिक समाजमा आवद्ध ज्येष्ठ नागरिकहरुलाई चिया,खाजा खर्च वापत सहयोग स्वरुप रु. २ लाख उपलव्ध गराउने ।</td></tr>
<tr><td>२४</td><td>सहयोग सम्बन्धमा</td><td>नेपाली महिलाले पहिलो पटक मताधिकार प्रयोग गरेको दिन एवं प्रथम महिला जनप्रतिनिधि साधना प्रधानको स्मृतिमा आयोजित सम्मान कार्यक्रम तथा पुस्तक विमोचन कार्यक्रम सम्पन्न गर्न लागेको खर्च मध्ये सहयोग स्वरुप रु. २५ हजार आयोजक साधना स्मृति समाजलाई नगरसभाको सि.नं. २२५२२ कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येवाट उपलव्ध गराउने</td></tr>
</table>

CamScanner

टोखा नगरपालिकाको नगर/वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन भई नगरकार्यपालिकाको बैठकबाट अनुमोदन भएका आयोजनाहरुको विवरण:

आ.व.२०८२/८३ | कार्यपालिका बैठक मिति:-२०८२/१२/२४ | आयोजना संख्या:२३

| सि.नं. | वडा नं. | आयोजना तथा कार्यक्रमको नाम | काम गर्ने उ.स./ निर्माण कम्पनिको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न मिति | प्राविधिक मूल्याङ्कन रकम | अनुगमन समितिबाट अनुगमन भएको मिति | वडा/नगरस्तरीय अनुगमन | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ て ८ | टोखा नगरपालिका क्षेत्रभित्र पर्ने वडा नं. ११,८,६ र३ हुदै बग्ने विष्णुमति नदीको करिडोर एवं सरसफाई कार्य (क्रमागत) (१८/NCB/TM/W/२०८१-८२) | shahi Nirman sewa | २०८२-१--१० | १४६३६०५२.१ | क्रमागत | ८८१२१३६.३४ | २०८२-१२--१७ | नगरस्तरीय | १२५२ |
| २ | ३ | वडा नं. ३ स्थित बानियाँटार हाईट मित्रीबस्ती राम बानियाँको घरदेखि राम कुमार तामाङको सडक ढलान एवं उत्तरतर्फ पर्खाल निर्माण | जालपा देवि टोल विकास संस्था | २०८२-८--९ | १६६७८१९.२३ | २०८२-१२--५ | १६५९९४०.१६ | २०८२-१२--१७ | नगरस्तरीय | ६२२ |
| ३ | ३ | गलिढ बाटो स्तरउन्नती | गलिढः टोल विकास संस्था | २०८२-१०--१४ | ११९७९८१.१३ | २०८२-१२--८ | ११११५०८.८ | २०८२-१२--१७ | नगरस्तरीय | ५९४ |
| ४ | ३ | वडा नं. ३ को भत्केको पुल देखि भिन्ते पन्चेटार हुँदै बखुन्डोल निस्कने सडक स्तरोन्नति ( ठेक्का नं. ०३/NCB/TM/W/२०८१-८२) | Freeman Business Pvt.Ltd.,Tokha | २०८१-११--२२ | १९०४३७०४.८४ | २०८२-९--१७ | १८७८१६९२.३९ | २०८२-१२--१७ | नगरस्तरीय | ६५५ |
| ५ | २ | खुडोल सडक स्तरोन्नती | टोखा देरवा उपभोक्ता समिति | २०८२-११--१० | १६७५३००.१८ | २०८२-१२--१५ | १६७१८५३.५२ | २०८२-१२--१७ | नगरस्तरीय | ८५ |
| ६ | १ | मूल सडक देखि हरि दुलालको घर सम्म सडक स्तरोन्नती | निहुरे खोला सडक निर्माण उपभोक्ता समिति | २०८२-८--१९ | १००५२७५.०५ | २०८२-११--२९ | १००३९३१.३२ | २०८२-१२--१७ | नगरस्तरीय | ३९३ |
| ७ | १ | वडा नं. १स्थित पूर्ण बहादुर तामाङको घर नजिक मूलसडकको पहिरो रोकथाम/ वाल निर्माण | फुलबारी वाल निर्माण उपभोक्ता समिति | २०८२-११--१ | १३४१०९७.१६ | २०८२-१२--१२ | १३४१९५०.७१ | २०८२-१२--१७ | नगरस्तरीय | ५ |
| ८ | ८ | वडा नं. ८ स्थित गणेश मन्दिर र नेपाल वादोकाई करौंते डो रहेको स्थानमा सार्वजनिक शौचालय निर्माण | शिव पराशर कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठम | २०८२-२--२९ | ५३५८४०.१२ | २०८२-१२--१५ | ५३५५३३.०४ | २०८२-१२--१७ | नगरस्तरीय | ३२५ |
| ९ | २ | झ्याली गुठी र यतु गुठी घर निर्माण सम्पन्न | झ्याली गुठी उपभोक्ता समिति | २०८२-९--१३ | ६२८८६३४.६४ | क्रमागत | ३७१४९४०.६५ | २०८२-१२--१७ | नगरस्तरीय | ४९२ र २ |
| १० | ४ | दिपक कुँवर क्षेत्रीको घर देखि सुकु नारायण श्रेष्ठको घरसम्म ढल,खानेपानी / बाटो स्तरोन्नती, कृष्ण लाल श्रेष्ठको घर देखि अमृत अर्यालको घरसम्मको बाटो स्तरोन्नती र वडा नं. ४ स्थित गणेश मन्दिर देखि उत्तर बद्रीकान्त अर्यालको घरबाट उत्तर तर्फको सडक स्तरोन्नती | धापासी गणेश संरक्षण उपभोक्ता समिति | २०८२-८--२६ | २५५१२६२.२ | २०८२-११--१२ | २४९६४९८.७ | २०८२-१२--१७ | नगरस्तरीय | ६९५,६९८ र ७३२ |
| ११ | ३ | टोखा नगरपालिका वडा नं. ३ स्थित लाम्ने टोलको भित्री सडक स्तरोन्नती | लाम्ने विन्ध्यावासिनी उपभोक्ता समिति | २०८२-९--२८ | ३३३७१७.१ | २०८२-११--२७ | ३३३९४३.६७ | २०८२-११--२७ | वडास्तरीय | ३२५ |
| १२ | १ | मालुङ्ग पिकडोल निहुरेखोला कल्भर्ट निर्माण | मालुङ्ग पञ्चेटार उपभोक्ता समिति | २०८२-१०--१८ | १६६८३४८.९५ | २०८२-१२--२० | १६६७७६३.७८ | २०८२-१२--२२ | नगरस्तरीय | ४१९०७१ |
| १३ | ३ | धनेश्वरको तरकारी बजारको माथिल्लो बाटो कर्ण बहादुरको घरजाने बाटो | कालिका उपभोक्ता समिति | २०८२-९--२९ | ८९१६८७.३२ | २०८२-१२--१५ | ८८९४७५.११ | २०८२-१२--२२ | नगरस्तरीय | ४९१ |

टोखा नगरपालिकाको नगर/वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन भई नगरकार्यपालिकाको बैठकबाट अनुमोदन भएका आयोजनाहरुको विवरण:

| सि.नं. | वडा नं. | आयोजना तथा कार्यक्रमको नाम | काम गर्ने उ.स./ निर्माण कम्पनिको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न मिति | प्राविधिक मूल्याङ्कन रकम | अनुगमन समितिबाट अनुगमन भएको मिति | वडा/नगरस्तरीय अनुगमन | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | ३ | टोखा प्रहरी प्रभाग कार्यालय टोखा देखि उत्तर हात्तिगौडा जाने पुलसम्म सडक स्तरोन्नती (08/NCB/TM/W/2082-83) | Shreepal construction pvt.ltd, T ३, Nuwakot | २०८२-८--२६ | १९७९६३१.७८ | २०८२-१२--१० | १९४८८३२.९१ | २०८२-१२--२२ | नगरस्तरीय | प्रदेश सशर्त कार्यक्रम |
| १५ | ९ | मंगल टोल सडक पक्की (17/SQ/TM/W/2082-83) | Muyeng Construction, Baluwata Kathmandu | २०८२-९--१८ | ९९२०४९.४५ | २०८२-१२--१७ | ९२८९६०.०६ | २०८२-१२--२२ | नगरस्तरीय | १०५२ |
| १६ | १० | विशाल फुटशल अगाडिको बाटोमा ब्लक व्यवस्थापन | प्रगतिनगर उपभोक्ता समिति | २०८२-७--२८ | १११३२०५.५४ | २०८२-१२--१६ | १११४१५७.९४ | २०८२-१२--२२ | नगरस्तरीय | १०३४ |
| १७ | १० | श्री कृष्ण प्रणामी सत्संग भवन गोगबु बाउन्डरी वाल तथा गेट निर्माण | श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल | २०८२-९--१८ | ७७७७८८ | २०८२-१२--१ | ७८०३८३.२३ | २०८२-१२--२२ | नगरस्तरीय | ११५४ |
| १८ | ८--११ | विष्णुमति सडक कालोपत्रे,रमणबस्ती पुल देखि तल्लो पुल सम्म खुल्ला व्यायमशाला एवं फुल क्यारी निर्माण ( ठेक्का नं. 29/NCB/TM/w/ 2081/82) | Raluka-Sindhu-Bhairab JV . manamaiju,Kathmandu | २०८२-७--२ | २४८१३२१४.१९ | क्रमागत | २६३७९८७.५५ | २०८२-१२--२२ | नगरस्तरीय | १००४ |
| १९ | ११ | करिडोर सडक स्तरोन्नती तथा रेलिङ्ग निर्माण | काया कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि.,काठमाडौं ( पान नं. 304724293) | २०८२-९--३० | ६३६४८५.२९ | २०८२-१२--१६ | ६३३२३२.८ | २०८२-१२--२२ | नगरस्तरीय | १२१६ |
| २० | ११ | शाखा सडकमा ब्लक राख्ने तथा स्तरोन्ननती (मनोहर तिर्थ अगाडी,विष्णुमति टोल लगायतका स्थानहरु) र अष्टगल्ली खानेपानी लाईन मर्मत | सतिष निर्माण सेवा,बेनी ( पान नं. 301154314) | २०८२-११--१४ | ५२५३८३.३५ | २०८२-१२--१० | ५२१७७८.४९ | २०८२-१२--२२ | नगरस्तरीय | १२१७+२०६ |
| २१ | २ | फैडोल देखि तिसिन्डोल वडा १ सम्मको सिमाना जाने बाटो स्तरोन्नती | श्री चण्डेश्वरी उपभोक्ता समिति | २०८२-१०--८ | ५५७८४१.०२ | २०८२-१२--१७ | ५५५२१५.२८ | २०८२-१२--१७ | वडास्तरीय | ४८९ |
| २२ | २ | नासलपाचाको ढुंगेधारा पुन:निर्माण | यलाग उपभोक्ता समिति | २०८२-९--२२ | ५५५६१६.८३ | २०८२-१२--१९ | ५५५०७३.०८ | २०८२-१२--२५ | वडास्तरीय | ४९७ |
| २३ | २ | जोर भिमसेन दापा खल भवन भौतिक पूर्वाधार निर्माण | जोर भिमसेन दा:पा: खल | २०८२-९--२२ | ४४४९८१.८७ | २०८२-१२--०८ | ४४४३५९.८६ | २०८२-१२--०८ | वडास्तरीय | ४८१ |